अनुसूची-२

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)


मोदी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-९, संख्या-२ मिति - २०८२/०१/०५


भाग-२

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाँउपालिकाको शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८२

**प्रस्तावनाः**

कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको कक्षमा निश्चित समयसम्म भण्डारण गरी बजारको माग अनुसार बजारमा आपूर्ति गर्ने तथा उत्पादन उपरान्त हुने नोक्सानीलाई कम गरी कृषकको आम्दानी बढाउने र मोदी गाँउपालिकाको राजश्व अभिवृद्धीमा समेत टेवा पुर्याउने उद्देश्यले गाँउपालिका भित्र नेपाल सरकार वा प्रदेश सरकार स्थानिय तह एंव साझेदार संस्थाबिचको लागत साझेदारीमा निर्माण भएका शीत भण्डार (Cold Storage) हरुको प्रभावकारी सञ्चालन , दिगो व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले मोदी गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि स्थानिय सरकार मोदी गाँउपालिकाले यो कार्यविधि स्विकृत गरि लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ र विस्तारः**

१. यस कार्यविधिको नाम " **मोदी गाँउपालिकाको शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२**" रहेको छ ।

२. यो कार्यविधि मोदी गाँउपालिका गाँउ कार्यपालिकाबाट स्विकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **कृषिजन्य वस्तुः** भन्नाले कृषकहरुले उत्पादन गरेको पशुपंक्षी जन्य उत्पादन बाहेक सम्पूर्ण लामो समयसम्म भण्डार गर्न सकिने उत्पादन जस्तैः आलु, सुन्तला,किवी लगायतका कृषिजन्य उत्पादन सम्झनु पर्दछ ।

ख. **शीत भण्डार** भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको भौतिक संरचना सम्झनु पर्दछ ।

ग. **प्रस्तावदाता भन्नालेः** शीत भण्डार सञ्चलानको लागि मोदी गाँउपालिकाबाट आव्हान गरिएको सूचना बमोजिम शीत भण्डार सञ्चालनको आशय जनाई प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सहकारी/कृषक समूह/निजी फर्महरु/ कम्पनी तथा व्यवसायीहरुलाई सम्झनु पर्दछ ।

घ. **कार्यक्रमः** भन्नाले मोदी गाउँपालिकाको शीत भण्डार (cold storage) सञ्चालन कार्य सम्झनु पर्दछ।

ङ. **समितिः** भन्नाले यस कार्यविधिको दफा (५) को उपदफा (१) बमोजिम शीत भण्डार संचालनको लागि मोदी गाँउकार्यपालिकाले गठन गरेको **शीत भण्डार व्यवस्थापन समिति** लाई सम्झनुपर्दछ ।

च. **गाँउपालिकाः** भन्नाले मोदी गाँउपालिका सम्झनुपर्दछ ।

छ. **कार्यालयः** भन्नाले मोदी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यलय सम्झनुपर्दछ ।

**३.उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. शीत भण्डार सञ्चालन तथा व्यवस्थापन गर्ने विधि प्रकृया निर्धारण गर्ने ।

ख. कृषकले उत्पादन गरेका कृषि उपजहरु बजारको माग तथा मूल्य हेरी कृषकहरुले चाहेका समयमा विक्री गरि वढी आय प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।

ग. कृषि उपजको गुणस्तर प्रवर्द्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

घ. उपभोक्ताहरुको लागि कृषि बजारहरुमा बर्षभरी तरकारी फलफूल लगायतका खाद्यबस्तु आपुर्ति गर्न योगदान पुर्याउने ।

ङ. मोदी गाँउपालिका भित्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरि कृषि उत्पादन तर्फ आकर्षित गर्ने/गराउने ।

## परिच्छेद २

## शीत भण्डार सञ्चलान तथा व्यवस्थापन

**४. शीत भण्डारको क्षमताः** यस शीत भण्डारको ३ वटा च्याम्बरको प्रति च्याम्बर १०(दश) मे.टन को दरले कुल जम्मा ३०मे.टन रहेको छ।

**५. शीत भण्डार संचालनः**

१. शीत भण्डारको संचालन,व्यवस्थापनको लागि देहाय बमोजिमको एक शीत भण्डार व्यवस्थापक समिति रहनेछ ।

२. उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमको पदाधिकारी रहनेछन ।

| | |
|---|---|
| क. गाँउपालिका अध्यक्ष | -संयोजक |
| ख. गाँउपालिका उपाध्यक्ष | -सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ. सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| ङ. कृषि सहकारी संस्थाहरु मध्ये संयोजकले तोकेको एकजना प्रतिनिधि | -सदस्य |
| च. राजश्व शाखा प्रमुख | -सदस्य |
| छ. कृषि शाखा प्रमुख | -सदस्य सचिव |

३. समितिमा आवश्यकता अनुसार विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ। समितिले आफ्नो बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

४. शीत भण्डारको संचालन मोदी गाँउपालिका आफै वा सम्बन्धित वडा कार्यलय वा कृषि सहकारी/कृषक समूह/निजी क्षेत्र, सँग साझेदारीमा वा व्यवस्थापन करार मार्फत गर्न सकिनेछ ।

५. शीत भण्डारको संचालनको लागि कार्यलयले आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी सूचना प्रकाशन गर्नेछ ।

६. तोकिएको समयभित्र प्राप्त प्रस्तावहरु मध्यबाट सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन नियम बमोजिम शीत भण्डार संचालन गर्ने व्यक्ती/फर्म वा सहकारी को छनोट गरी संचालन र व्यवस्थापनको जिम्मेवारी प्रदान गरिनेछ ।

७. सम्झौता पत्रमा तोकिएको शर्त र नियमहरु पालना नगरेमा जुनसुकै बखत गाँउपालिकाले सम्झौता रद्द गर्न सक्नेछ ।

८. यस कार्यविधिमा माथि जुनसुकै कुरा उल्लेख भएतापनि शीत भण्डारको संचालन र व्यवस्थापनको लागि छनोट भएको कम्पनी/फर्म/संस्था/कृषि सहकारी/कृषक समूह वा व्यक्ति बाट प्रभावकारी रुपमा संचालन भएको नपाइएमा स्थानिय कृषकहरु उक्त शीत भण्डारबाट लाभान्वित नभएको खण्डमा जुनसुकै समयमा शीत भण्डारको संचालन र व्यवस्थापनको जिम्मेवारी गाँउपालिकाले फिर्ता लिन सक्नेछ।

९. यसरी जिम्मेवारी लिने अवस्थामा शीत भण्डारको संचालन र व्यवस्थापनको जिम्मेवारी कृषि विकास शाखालाई प्रदान गर्न सकिनेछ ।

**६. शीत भण्डार संचालन सम्बन्धि अन्य व्यवस्थाः**

क) गाँउपालिकाले शीत भण्डारको संचालन गर्न एकजना Cold chain technician सेवा करारमा नियुक्ति गर्न सक्नेछ ।

ख) Cold chain technician को पारिश्रमिक गाँउकार्यपालिकाले तोके बमोजिम वा गाँउपालिकाको प्रचलित आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

**७.शीत भण्डार सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** शीत भण्डार संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य अधिकार देहायबमोजिम हुनेछ ।

क) शीत भण्डार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा व्यवस्थापकीय विषयमा अध्ययन गरी कार्यपालिकालाई सिफारिस गर्ने,

ख) शीत भण्डारको अनुगमन गरी प्रभावकारी व्यवस्थापनको लागि सञ्चालकलाई निर्देशन दिने,

ग) शीत भण्डारसँग सम्बन्धित समग्र व्यवस्थापन र दैनिक प्रशासनिक कामको जिम्मेवारी सहित सञ्चालक समितिको निर्देशन बमोजिमको कार्य सम्पादन गर्न एकजना व्यवस्थापक नियुक्ति गर्ने वा उपलब्ध कर्मचारी मध्येबाट थप जिम्मेवारी प्रदान गर्ने।

घ) यस कार्यविधि अनुरुप शीत भण्डार सञ्चालन भए नभएको अनुगमन गरी सुधारका लागि निर्देशन दिने,

ङ) कार्यालयबाट प्रस्ताव मूल्याङ्कन भई सिफारिस भएका योग्य प्रस्तावदाता छनोट गर्ने,

च) शीत भण्डार सञ्चालक छनौट प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने,

छ) शीत भण्डार सञ्चालनबापत बुझाउनुपर्ने न्यूनतम सेवा शुल्क निर्धारण गर्ने र औचित्यताको आधारमा प्रत्येक दुई / दुई वर्षमा शीत भण्डार सञ्चालनको न्यूनतम सेवा शुल्क पुनरावलोकन गर्ने,

ज) शीत भण्डार सञ्चालन सम्बन्धमा कृषकहरुबाट प्राप्त गुनासाहरुको यथाशिघ्र सुनुवाई गर्ने,

झ) कृषक र शीत भण्डार सञ्चालकका बिचमा सिर्जना हुन सक्ने विवाद समाधानका लागि पहल गर्ने,

ञ) शीत भण्डार संचालन र व्यवस्थापन सम्बन्धी कार्यविधिमा समय सापेक्ष रुपमा सम्बोधन हुनुपर्ने विषयहरुको सम्बन्धमा कार्यपालिकालाई आवश्यक सुझाव दिने ,

**८.शीत भण्डार प्रयोगको अनुमती तथा सेवा शुल्क सम्बन्धमाः**

१. शीत भण्डारमा कृषि उपज राख्न चाहने व्यक्ति वा फर्म वा संस्थाले अनुसूचि (१) बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२. सम्पूर्ण कृषि उपजहरुको लागि कृषि उपज उत्पादनहरु शीत भण्डारमा राखे बापत कृषकहरुले प्रति सिजन प्रति केजी र १० (दश) का दरले सेवा शुल्क वापत बुझाउनु पर्नेछ ।

३. सेवा शुल्क वापतको रकम मोदी गाँउपालिकाको स्थानिय संचित कोषमा दाखिला गरी कृषि विकास उपशाखाबाट शीत भण्डारमा राख्न अनुसूची (२) बमोजिमको अनुमति प्राप्त गर्नुपर्नेछ ।

४. शीत भण्डार सञ्चालन पश्चात प्राप्त कुल आम्दानी बाट लागत कटाई बाँकी रकमको ५०% सञ्चालन गर्ने निकाय र ५०% मोदी गाँउपालिकालाई हुने गरि रकम बाँडफाँड गर्ने गरि सम्झौता गरिनेछ ।

५. सम्बन्धित वडाको कृषकलाई शीत भण्डार प्रयोग वापतको मूल्यमा २५% छुट दिईनेछ ।

**९. जिम्मेवारी तथा क्षतिपूर्ति को व्यवस्थाः**

१. शीत भण्डारमा कृषिजन्य बस्तु भण्डारण गरेदेखी कृषकले फिर्ता नलिए सम्म कृषि जन्य बस्तुको जिम्मेवारी शीत भण्डार संचालकको हुनेछ ।

२. कुनै प्राविधिक कारणबस कृषि उपजमा क्षति हुन गएमा सञ्चालकले कृषकलाई प्रचलित कानुन बमोजिम क्षतिपुर्ति दिनुपर्नेछ।

३. शीत भण्डार सञ्चालकले कुल नाफाको वापतको ५०%ले हुन आउने रकम प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र अनिवार्य रुपले गाँउपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

## परिच्छेद ३

## शीत भण्डार सञ्चालन प्रकृयाः

**१०. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः**यो कार्यक्रम मोदी गाँउपालिका वा मोदी गाँउपालिका भित्रका सहकारी/कृषक समूह/निजी व्यवसायी/ फर्म/कम्पनी मार्फत सञ्चालन गर्न सक्नेछ ।

**११. सूचना प्रकाशन तथा प्रस्ताव छनोट सम्बन्धी गर्नेः**

१. यस शीत भण्डार सञ्चालनको लागि मोदी गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी/ कृषक समूह तथा निजि फर्म/ क्षेत्रलाई कार्यक्रम सञ्चालन कार्ययोजना सहित १५(पन्ध्र) दिने प्रस्ताव आह्वान सम्बन्धि सूचना प्रकाशन गरिनेछ।

२. प्रस्तावना पेश गरेका कृषि सहकारी/कृषक समूह तथा निजी फर्म/क्षेत्र/कम्पनीहरु मध्ये कुनै एक संस्थालाई निजले पेश गरेको प्रस्तावनाको मूल्याङ्कनको आधारमा शीत भण्डार संचालक समितिबाट छनौट गरी शीत भण्डार सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गरिनेछ ।

३. प्राप्त प्रस्तावहरु मध्यबाट सार्वजनिक खरिद सम्बन्धि प्रचलित ऐन नियम बमोजिमको प्रकृया पुरा गरी योग्य प्रस्तावक छनोट गरिनेछ ।

४. प्रस्तावहरुको मुल्याङकन एंव छनोट सम्बन्धि कार्य कार्यलयको मुचुल्का एंव मूल्याङ्कन समितिले गर्नेछ र सारभूत रुपमा प्रभावग्राही प्रस्तावहरु छनोट गरी व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

५. शीत भण्डार व्यवस्थापक समितिले छनोट गरेको प्रस्ताव स्वीकृतीको लागि गाँउ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

६. गाँउ कार्यपालिकाबाट स्वीकृत भएपश्चात छनोट भएको प्रस्तावदाता सँग प्रचलित ऐन नियम बमोजिम गाँउ कार्यपालिकाको कार्यलयले प्रचलित कानुन बमोजिम सम्झौता गर्नुपर्नेछ ।

**१२. आवेदन दिने प्रस्तावदाताको आवश्यक योगयता सम्बन्धी व्यवस्थाः**

१) यस कार्यविधि बमोजिम शीत भण्डार सञ्चालन कार्यका लागि प्रस्ताव पेश गर्ने संस्थाको देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क. आवेदकको कम्पनी वा सहकारी संस्था कानुन बमोजिम दर्ता भएको र स्थायी लेखा नम्बर लिएको साथै अघिल्लो आ.ब.को कर चुक्ता गरिसकेको हुनुपर्नेछ।

ख. समुह, सहकारी वा संस्थाको हकमा कार्यसमिति बैठकले शीत भण्डार सञ्चालन को लागि प्रस्ताव पेश गर्ने सम्बन्धि निर्णयको माइन्युटको छाँयाप्रति।

ग. गत आ.व सम्मको लेखा परिक्षण प्रतिवेदनको छाँयाप्रति।

घ. संस्थागत आवेदकको रुपमा कुनै पनि बैंक वित्तीय संस्था वा सहकारीबाट कालो सूचीमा नपरेको, कुनै पनि प्रकारको बेरेजु नरहेको तथा आर्थिक एंव वित्तिय कसुरमा फौजदारी सजाय नभएको स्वघोषणा पत्र समावेश गर्नुपर्नेछ।

**१३. सम्झौताका मापदण्ड तथा शर्तहरु/समावेश गर्नुपर्ने आधारभूत विषयहरु सम्बन्धी व्यवस्थाः**

१. यस परिच्छेद बमोजिम शीत भण्डार सञ्चालनको लागि छनोट भएको प्रस्तावदाता सँग गरिने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु समेत समावेश गर्नुपर्नेछ ।

क) सम्झौता रकम,

ख) सम्झौता अवधि (वार्षिक रुपमा नवीकरण हुने गरी) कम्तिमा ३ वर्ष र बढीमा ५ वर्ष हुने,

ग) सम्झौता बमोजिम कार्य सम्पादन नभएमा सम्झौता नवीकरण नहुने र धरौटी जफत गर्ने विषय,

घ) सम्झौता बमोजिमको रकम यस कार्यविधि बमोजिम गाँउपालिकाको संचितकोषमा दाखिला गर्नुपर्ने विषय ।

ङ) शीत भण्डारको सञ्चालन खर्च (पानी, बिजुली, सामान्य मर्मत, जनशक्ति व्यवस्थापन, सुरक्षा प्रबन्ध लगायतका अन्य) दोस्रो पक्षले व्यहोर्नुपर्ने विषय,

च) स्थानिय कृषकहरुलाई कृषि उपज भण्डारको लागि पहिलो प्राथमिकता दिनुपर्ने विषय,

छ) कृषि उपजको सुरक्षित र गुणस्तरिय सेवा सम्बन्धि विषय,

ज) कृषकहरुले कृषि उपज भण्डार गरे बापत प्रति सिजन प्रति केजी अधिकतम रु. १० शुल्क लिन सक्ने र सो रकम वार्षिक १० प्रतिशतको दरले वृद्धी हुने विषय,

झ) शीत भण्डार सञ्चालनको लागि गाँउपालिका वा सम्बन्धित वडाबाट कुनै आर्थिक सहायता वा कार्यक्रम उपलब्ध नहुने विषय,

ञ) गाँउपालिकाबाट अनुमति प्राप्त गरि शीत भण्डारको मुल संरचना परिवर्तन नगरी कुनै थप भौतिक संरचना निर्माण गर्नुपरेमा संचालक स्वयंले सोको खर्च व्यवस्थापन गर्ने र सो संरचनामा सम्झौता अवधि समाप्त भएपश्चात् गाँउपालिकाको स्वामित्व रहने विषय,

ट) समितिले आवश्यक ठानेका अन्य विषय ।

ठ) शीत भण्डारको मुख्य भौतिक र यान्त्रिक संरचनामा कुनै पनि फेरबदल गर्न नपाईने विषय,

**१४.सम्झौता कार्यान्वयनः** सम्झौता पश्चात शीत भण्डार सञ्चालन गर्ने निकायले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्डहरु पुरा गरि शीत भण्डार सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ४
## विविध

**१५. प्रचलित कानुन बमोजिम हुने**: यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. कारबाहीको व्यवस्थाः** शीत भण्डार सञ्चालनको जिम्मेवारी पाएको व्यक्ति/संस्थाले कुनै किसिमको लापरवाही गरेको पाईएमा प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

**१७. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको व्याख्यामा दुविधा उत्पन्न भएमा मोदी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१८.बचाउः** यस कार्यविधि प्रारम्भ हुनु अगाडी भएका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**१९.संशोधन र खारेजीः**

१. यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आई परेमा मोदी गाँउपालिका गाँउ कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

२. यस कार्यविधिको खारेजी गर्नुपरेमा गाँउ कार्यपालिकाको निर्णयबाट हुनेछ ।

**अनुसूची १**
**(दफा (८) को उपदफा (२) सँग सम्बन्धित)**
**<u>प्रस्तावना पेश गर्ने आवेदन पत्र</u>**

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मोदी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यलय
पातिचौर पर्वत।

विषयः कोल्ड स्टोर/चिस्यान केन्द संचालन कार्यक्रम सम्बन्धमा ।

महोदय,

हामीलाई शीत भण्डार संचालन गर्ने इच्छा भएकोले निम्नानुसारका कागजात राखि निवेदन पेश गरेका छौं ।हामिले तँहा गाँउपालिकाबाट सहयोग प्राप्त गरि निर्धारित प्रकृया अनुसार सम्बन्धित गाँउपालिका भित्र रहि कार्य गर्ने छौं भनि यो संक्षिप्त प्रस्तावना पत्र र आवश्यक कागजातहरु संलग्न गरि यो निवेदन गरिएको व्यहोरा अनुरोध छ ।

तपशिलः

१. संस्था दर्ताको प्रमाणपत्र तथा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. संस्था नवीकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. संचालक समितिको बैठकको निर्णय पुस्तिकाको प्रतिलिपि ।
४. शीत भण्डार संचालन गर्ने आवेदक संस्थाले संचालन गर्ने अवधि खुलेको प्रतिबद्धता पत्र
५. शीत भण्डार संचालनको लागि आवश्यक प्राविधिक जनशक्तिको उपलव्धता भएको प्रतिवद्धता पत्र ।
६. व्यक्ति/ संचालक समिति/ समूहको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि ।

<u>निवेदकः</u>
नाम/ठेगानाः
दरखास्तः
पदः
संस्थाः
छापः

अनुसूचि २

दफा (८) को उपदफा (३) सँग सम्बन्धित

**शीत भण्डारमा कृषि उपज राख्ने अनुमतिको ढाँचा**

अनुमतिपत्र नं.: .......................
जारी मितिः .......................
वैध रहने म्यादः .......................
**सेवा लिन चाहने व्यक्तिको विवरणः**

- **नामः**
- **ठेगानाः**
- **सम्पर्क नः**
- **नागरिकता नः**
- **कम्पनी दर्ता नः**

**कृषि उपजको विवरणः**

| क्र स | कृषि उपजको विवरण | परिमाण (के जी/टन) | प्याकेजिङ विविरण | भण्डारण अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**अनुमतिपत्र दिने सर्तहरुः**

- कृषि उपजको गुणस्तर प्राविधिक मापदण्ड अनुसार हुनु पर्नेछ।
- शीत भण्डारको सुरक्षात्मक र प्राविधिक निर्देशिकाको पालना अनिवार्य हुनेछ।
- तोकिएको समय अवधिभन्दा बढी भण्डारण गर्नुअघि पुनः स्वीकृति लिनुपर्नेछ।
- अन्य प्रचलित नियम, नीति तथा निर्देशनको पालना गर्नुपर्नेछ।

**अनुमतिपत्र जारी गर्ने अधिकारिको विवरणः**

नामः
पदः
हस्ताक्षरः
छापः

नोटः यो अनुमतिपत्र तोकिएको समयअवधिका लागि मात्र मान्य हुनेछ ।

**आज्ञाले**

**बाबुराम पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**